# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४८) काठमाडौं, असोज २ गते २०५५ साल (अतिरिक्ताङ्क ४३

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

माननीय उप-प्रधानमन्त्री तथा जलस्रोत मन्त्री सुश्री शैलजा आचार्य निजी कामको सिलसिलामा २०५५ साल असोज २ गते भारततर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको जलस्रोत मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री चिरन्जीवी वाग्लेले सम्हाल्नु हुनेछ।

### सूचना २

माननीय संसदीय व्यवस्था मन्त्री श्री ओमकारप्रसाद श्रेष्ठ जापानी संसदको माथिल्लो सदन हाउस अफ काउन्सेलर्सका अध्यक्षको निमन्त्रणामा राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष श्री बेनीबहादुर कार्कीको नेतृत्वमा जापान जाने प्रतिनिधिमण्डलमा समावेश भई २०५५ साल असोज ३ गते त्यसतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको संसदीय व्यवस्था मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय स्वास्थ्य मन्त्री श्री के.बी. गुरुङले सम्हाल्नु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६२

## सूचना ३

माननीय पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री यामलाल कँडेल क्यानाडाको मण्ट्रियलमा हुने अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनको ३२ औं महाधिवेशनमा भाग लिने सिलसिलामा २०५५ साल असोज ४ गते त्यसतर्फ जानु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हालो आउनु भएको पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय आवास तथा भौतिक योजना मन्त्री श्री राजेन्द्रप्रसाद श्रेष्ठले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

५६६



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।